जुन रात मलाई मेराज (स्वर्ग) मा लगियो, मैले इब्राहिम (अलैहिस्सलाम) लाई भेटें, उहाँले भन्नुभयो: हे मुहम्मद! आफ्नो उम्मतलाई मेरो सलाम सुनाउनुहोस् र तिनीहरूलाई भन्नुहोस्, स्वर्गको माटो धेरै राम्रो र यसको पानी धेरै मीठो छ।

अब्दुल्लाह बिन मसऊद (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्: अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: "जुन रात मलाई मेराज (स्वर्ग) मा लगियो, मैले इब्राहिम (अलैहिस्सलाम) लाई भेटें, उहाँले भन्नुभयो: हे मुहम्मद! आफ्नो उम्मतलाई
मेरो सलाम सुनाउनुहोस् र तिनीहरूलाई भन्नुहोस्, स्वर्गको माटो धेरै राम्रो र यसको
पानी धेरै मीठो छ।" तर यो खाली छ र यसका बिरूवाहरू "सुब्हानल्लाह", "अल्हम्दुलिल्लाह", "ला इलाह इल्लल्लाह" र "अल्लाहु अक्बर" हुन् ।"
[शवाहिद (गवाहहरु) ले गर्दा हसन हो] [तिर्मीजीले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले बताउनु भयो, जुन रात मलाई मेराज (स्वर्ग) मा लगियो, मैले अल्लाहका मित्र इब्राहिम (अलैहिस्सलाम) लाई भेटें, उहाँले भन्नुभयो: हे मुहम्मद! आफ्नो उम्मतलाई मेरो सलाम सुनाउनुहोस् र तिनीहरूलाई भन्नुहोस्, यसको माटो धेरै राम्रो छ र यसको पानी धेरै मीठो छ, त्यसमा अलिकति पनि नुनिलोपन छैन। स्वर्ग एउटा समतल, रूखविहीन र विशाल भूमि हो। यसमा रूख रोप्ने काम शुद्ध शब्दहरू मार्फत पूरा हुन्छ। यी शुद्ध शब्दहरूलाई बाँकी रहने सत्कर्म पनि भनिन्छ। यी शब्दहरू हुन् : "सुब्हानल्लाह", "अल्हम्दुलिल्लाह", "ला इलाह इल्लल्लाह" र "अल्लाहु अक्बर" । जब एक मुस्लिमले ती शब्दहरू उच्चारण गर्छ, उसको लागि जन्नत (स्वर्ग) मा एउटा रुख रोपिन्छ ।

http://www.sunnah.global/hadeeth/ne/show/3791